नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.दु.का.द.नं. ५/०६४/०६५
वर्ष ३५ अंक १६९ २०८२ साल माघ २१ गते बुधबार (4 Feb 2026 Wednesday) मूल्य रु. ५/-
**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : व्यक्तिगत डाटा संरक्षणका ... ३ पृष्ठमा : सर्लाहीमा पहिलोपटक आमाको ... ३ पृष्ठमा : अमेरिका-भारत व्यापार ...

## राजनीति र विकासीय कामको सुस्तता देखेर उम्मेदवारी दिएको हुँ : अध्यक्ष शरदसिंह यादव



**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

जनअधिकार पार्टीका राष्ट्रिय अध्यक्ष शरदसिंह यादवले २०६४ सालदेखी लगातार मधेश केन्द्रित दल कै उम्मेदवार जित्दै आएको अवस्थामा पनि सप्तरी क्षेत्र नं. २ मा कुनै सुधार नभएको आरोप लगाएका छन् ।

मंगलवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गर्दै अध्यक्ष यादवले सो आरोप लगाउदै यहाँको राजनीति र विकासीय कामको सुस्तता देखेर यसलाई गति प्रदान गर्न प्राथमिक्ताका विभिन्न एजेण्डा सहित आफु यसै क्षेत्रबाट उम्मेदवार बनेको उनले बताए ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा झण्डै ७८ जना युवाले ज्यान गुमाउनुको मुख्य कारण बेथिती, भ्रष्टाचार र यस्तै प्रवृति भएको जिकिर समेत गरे ।

पत्रकार सम्मेलनमा उनले ११ बुंदे प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन । जसमा गजेन्द्र नारायण सिह अस्पताललाई सुविधा सम्पन्न बनाउने, महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा गुणस्तरीय शिक्षाको ब्यवस्था गरिने, छिन्नमस्ता भगवती मन्दिरलाई धार्मिक पर्यटकस्थलको रुपमा विकास गर्ने लगायत रहेको छ ।

यस्तै भारतीय सिमा संग जोडिएको राजविराज-कुनौली सडकखण्डको स्तरोन्नती, क्षेत्र भित्रका सबै लिंक रोडहरुको मर्मत सम्भार र निर्माण, किसानलाई समय मै मलखाद्य, विऊ विजनको ब्यवस्था, सबै पालिकामा पूस्तकालयको स्थापना, राजविराज विमानस्थलबाट दैनिक २ हवाई उडानको व्यवस्था, सामुहिक विद्यालयहरुको स्तरोन्नती तथा गुणस्तरीय शिक्षाको व्यव्स्था लगायतका कार्य आफ्नो प्राथमिक्तामा रहेको उनले प्रतिबद्धता पत्रमा उल्लेख गरेका छन ।

जनमत पार्टी भित्र लोकतन्त्र जिवित नरहेकाले सो पार्टी परित्याग गरी आफ्नै नेतृत्वमा नयाँ दल निर्माण गरिएको खुलासा समेत गरेका छन । विगतमा नेताहरु आफ्नो जमिन बेचेर राजनीतिक गर्ने गरेको सुनाउँदै उनले भने “अहिले भने जग्गा जमिन र महल जोड्ने उद्देश्यले केहि ब्यक्ती राजनीतिमा लाग्दा जनतामा त्यस्ता नेताहरुप्रति वितृष्णा फैलिदै गएको छ ।”

सप्तरीको क्षेत्र नं. २ मा उनी संगै जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सिके राउत, स्वाभिमान पार्टीका सतिश कुमार सिंह, रास्वपाका रामजी यादव, जसपा नेपालका उमेश यादव, नेपाली काँग्रेसका रामकुमार यादव, राष्ट्रिय मुक्ती पार्टीका अनिस अंसारी, उज्यालो नेपाल पार्टीका डा. दिपक चौधरी मुख्य प्रतिस्पर्धामा देखिएका छन ।

## कडाइका साथ निर्वाचन आचारसंहिता पालन गर्न सरोकारवालालाई निर्देशन

**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**




फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ लाई स्वच्छ, निष्पक्ष, भयरहित तथा शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन जिल्ला प्रशासन कार्यालय सप्तरीले कडाइका साथ निर्वाचन आचारसंहिता पालन गर्न सबै सरोकारवालालाई निर्देशन दिएको छ ।

जिल्ला प्रशासनले निर्वाचन आयोग नेपालबाट स्वीकृत भई जारी भएको निर्वाचन आचारसंहिता २०८२ को कार्यान्वयनका सन्दर्भमा सुचना जारी गर्दै सञ्चार प्रतिष्ठान, त्यहाँ कार्यरत कर्मचारी, सञ्चारकर्मी, राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य सरोकारवालाहरूलाई कसैको पक्ष वा विपक्षमा कुनै पनि किसिमको प्रचार प्रसार नगर्न आग्रह गरेको हो ।

सुचनामा एस.एम.एस., सामाजिक सञ्जाल, अनलाइन, छापा तथा विद्युतीय माध्यममार्फत आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग गरी वा नगरी कुनै पनि सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नपाइने उल्लेख रहेको छ ।

यस्तै सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, शेयर, कमेन्ट, प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन जस्ता गतिविधि गर्न वा गराउन नहुने अनुगमन अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवले जारी गरेको सुचनामा भनिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

**नेपाल विद्युत प्राधिकरण**
(नेपाल सरकारको स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
मधेश प्रादेशिक कार्यालय, जनकपुर
बोदेबर्साईन वितरण केन्द्र

कार्यालय प्रमुख :- ९८५२८२३४५९
लेखा :- ९८४५२६३७०२
प्रशासन :- ९८५४०२३१३५
फ्युज सेवा :- ९८५२८२४४५९
ईमेल :- bodebarsaien@nea.org

सुचना । सुचना ।। सुचना ।।

नेपाल विद्युत प्राधिकरण बोदेबरसाईन वितरण केन्द्र अन्तर्गत खडक न.पा.-०४ मा अवस्थित पंसेरामा ने.वि.प्रा. प्रदेश नं.२ ग्रामिण बिधुतीकरण आयोजना लट नं.१ द्वारा निर्माण सम्पन्न ६/८ MVA पंसेरा सवस्टेशन तथा ३३ KV प्रशारण लाईन मिति २०८२।१०।२१ गते बुधबारको दिन बिसनपुर देखी पंसेरा सम्म Testing and Commissioning गर्नुपर्ने भएको हुँदा सम्बन्धित सम्पुर्ण ग्राहक महानुभावहरु, सरोकारवाला एवम् आम जनसमुदायमा ३३ KV प्रशारण लाईनको पोल/टावरमा नचढि/नछोई दिन हुन यसै सुचनाका साथ अनुरोध छ ।

नोटः- सूचनालाई अवज्ञा गरी गरेमा वा नेपाल विद्युत प्राधिकरण बोदेबरसाईन वितरण केन्द्रको अनुमति बिना कुनै पनि प्रकारको कार्य गरेमा त्यसबाट हुने दुर्घटना एंवम क्षतिपुर्तीको जिम्मेवारी सम्बन्धित सरोकारवाला एवम् व्यक्ति स्वम् हुने ब्यहोरा जानकारीको लागी अनुरोध छ ।

## प्रतिनिधिसभा विघटन र कांग्रेस विवादको सुनुवाई निर्वाचनपछी

**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

प्रतिनिधिसभा विघटन र नेपाली कांग्रेसको आधिकारिकता विवादसम्बन्धी दुई फरक मुद्दा २१ फागुनको प्रतिनिधिसभा निर्वाचनपछि मात्रै अघि बढ्ने निश्चितजस्तै भएको छ ।

सर्वोच्च अदालतले मंगलबार प्रतिनिधिसभा विघटनको मुद्दा २८ माघका लागि साधारण तारिख तोकेको छ । कांग्रेसको आधिकारिकता विवादमा विपक्षीहरुलाई म्याद तामेलसमेत भएको छैन ।

सर्वोच्च अदालतले मुद्दा व्यवस्थापन सम्बन्धी केही कामहरु बाँकी रहेको भन्दै प्रतिनिधिसभा विघटनको मुद्दामा २८ माघमा सामान्य तारिख दिएको हो ।

त्यो दिन सबै काम सम्पन्न भएमा छिटोमा दुई/तीन सातापछि पेशी तोकिनसक्छ । अर्थात, कम्तीमा पनि २० फागुनअघि प्रतिनिधिसभा विघटनको मुद्दाले सुनुवाइको पालो पाउने देखिँदैन ।

नेपाली कांग्रेसको आधिकारिकताबारे निर्वाचन आयोगले गरेको निर्णयमा शेरबहादुर देउवालगायतका नेताहरुले दायर गरेको रिट निवेदन पनि सर्वोच्च अदालतमा विचाराधीन रहेको अनलाइन खबरले जनाएको छ ।

## मौसमले साथ नदिए हिमाली जिल्लामा दोस्रो चरणमा निर्वाचन हुन्छ : प्रधानमन्त्री

नवलपरासी, २० माघ (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले मौसमले साथ नदिएमा हिमाली जिल्लामा दोस्रो चरणमा निर्वाचन गराइने बताउनुभएको छ ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) को कावासोती नगरपालिका-१ हात्तीखोरमा राष्ट्रिय सेवा दलको तालिम समापन कार्यक्रममा सहभागी

*बाँकी तीन पृष्ठमा*

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, बृद्धबृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

**निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### क्रिकेट बाहेक अन्य खेल शुन्य

सप्तरी जिल्लामा क्रिकेट खेल बाहेक अन्य खेलको गतिविधी शुन्य झै रहेको छ। यहाँ अहिले क्रिकेट खेल बाहेक अन्य खेलले गति लिन सकिरहेको छैन्। हाल वर्षको दुईदेखी तीन/चार पटकसम्म राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता हुँदै आएको छ। यस बाहेक अन्य कुनै पनि खेल जिल्ला स्तरिय समेत हुन सकिरहेको छैन्। यस जिल्लाबाट विगतमा सयौं उत्कृष्ट खेलाडीहरु उत्पादन भएका छन्। क्रिकेट, फुटवल, भारोत्तोलन लगायतका खेलहरुका उर्जावान खेलाडीहरु उत्पादन भए। यहाँबाट सबै भन्दा बढी क्रिकेट र भारोत्तोलन खेलाडीहरु उत्पादन भएका छन्।

जिल्लामा अन्य खेलहरुबाट खेलाडीहरु उत्पादन त भए तर, उनीहरुले समयमा उचित सम्वर्द्धन र संरक्षण नपाएकोले धेरै दिनसम्म सो क्षेत्रमा टिक्न सकेनन्। जिल्लाको खेलकुदले लक्ष्य अनुसारको गतिविधी गर्न असमर्थ छ। खेलकुदका लागि योग्य मैदान र सामाग्रिको अभावमा खेलकुद गतिविधीमा सुधार आउन सकेको छैन्। सरोकारवाला निकायको उदासिनता र राजनीतिक दलहरुको गैरजिम्मेवारी भूमिकाका कारण यो क्षेत्र भरपर्दो बन्न सकेन्। कुनै पनि खेलका लागि स्थानिय पालिकाहरुले वार्षिक बजेट बिनियोजन गर्न सकेका छैनन्।

जिल्लामा खेलकुद गतिविधिमा तिब्रता ल्याउन यहाँका सम्पूर्ण सरोकारवाला निकायका साथ राजनीतिक दलहरुको पनि एक मत हुनु आवश्यक छ। यसका लागि खेलकुदसँग आवद्ध सम्पूर्ण निकायले दिर्घकालिन योजना बनाउनु पनि उत्तिकै आवश्यक छ। तसर्थ जिल्लामा खेलकुद गतिविधिलाई तिब्रता दिएर खेलाडीहरुलाई खेलमा पनि भविष्य छ भन्ने कुरालाई आत्मसाथ गराउन अग्रसरता देखाउनु आवश्यक छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# व्यक्तिगत डाटा संरक्षणका लागि कानुन नहुँदा चोरीका घटना बढ्दै

**हेमन्त जोशी**

काठमाडौँ, २० माघ (रासस)।

पछिल्ला वर्षमा नागरिकका विवरणलाई बैंकिङ सेवा, सामाजिक सुरक्षा, बिमा, सरकारी अनुदान र विभिन्न सार्वजनिक सेवासँग क्रमशः एकीकृत र अनिवार्य बनाउँदै लगिएको छ। राज्यले यसलाई 'डिजिटल इकोसिस्टम' एकीकरणको आधार मानेको छ।

एउटै परिचयका आधारमा नागरिकले सेवा पाउने, कागजी झन्झट घट्ने र सेवा प्रवाह प्रभावकारी हुने सरकारी दाबी छ। व्यवहारमा कतिपय सेवा छिटो भएका पनि छन्। तर यस्तो प्रयोजनका लागि प्रयोग हुने व्यक्तिगत डाटा संरक्षणको विषय भने नेपालमा अझै नीति र कानुनविहीन अवस्थामा छ।

नागरिकका नाम, ठेगाना, उमेर, पारिवारिक विवरण, बायोमेट्रिक सूचना, स्वास्थ्य अभिलेख, वित्तीय अवस्था, सम्पत्ति विवरण, शैक्षिक प्रमाणपत्रदेखि मोबाइल नम्बर र डिजिटल गतिविधिसम्मका विवरण राज्य र निजीक्षेत्र दुवैले सङ्कलन गरिरहे पनि ती विवरण क-कसले सङ्कलन गऱ्यो ? कुन निकायसँग साझा गरियो ? कति समय राखिन्छ ? र कति सुरक्षित छन् भन्नेबारे नागरिक अनभिज्ञ छन्। सङ्कलित डाटा चुहावट वा दुरुपयोग भएमा त्यसको जिम्मेवारी कसले लिने र पीडितले कसरी न्याय पाउने भन्ने स्पष्ट कानुनी आधार बनिसकेको छैन।

राष्ट्रिय परिचयपत्र, राहदानी, मतदाता परिचयपत्र, सवारी चालक अनुमतिपत्र, करदाता दर्ता, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बिमालगायत अनेकौँ सेवाका लागि नागरिकका विस्तृत व्यक्तिगत विवरण सङ्कलन गरिन्छ। यस्ता विवरण केवल सरकारी निकायमा मात्र सीमित छैनन्। बैंक तथा वित्तीय संस्था, दूरसञ्चार कम्पनी, अस्पताल, बिमा कम्पनी, अनलाइन प्लेटफर्म र अन्य व्यावसायिक संस्थाले पनि ठूलो मात्रामा व्यक्तिगत डाटा सङ्कलन र भण्डारण गरिरहेका छन्।

नागरिकको निजत्व, सम्पत्ति, तथ्याङ्क, लिखित तथा अन्य व्यक्तिगत सूचनाको गोपनीयताको हक व्यवहारमा सुनिश्चित हुन सकेको छैन। यस्ता संवेदनशील डाटा सुरक्षित नहुँदा पहिचान चोरी, आर्थिक ठगी, सामाजिक बदनामी, मानसिक आघात मात्र होइन, राष्ट्रिय सुरक्षामा पनि जोखिम उत्पन्न हुनसक्ने विज्ञहरू बताउँछन्।

नीति अनुसन्धान प्रतिष्ठानका सह-अनुसन्धानकर्ता दीपेन्द्रप्रसाद पन्तले व्यक्तिगत डाटा संरक्षणलाई सामान्य प्राविधिक वा प्रशासनिक विषयका रूपमा हेर्न नहुने बताउनुभयो। उहाँका अनुसार यो विषय नागरिक अधिकार, लोकतान्त्रिक शासन र राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष जोडिएको छ।

"नेपालमा व्यक्तिगत डाटा संरक्षणका लागि स्पष्ट नीति छैन भने छुट्टै कानुन र प्रभावकारी संरचना बन्न सकेका छैनन्। व्यक्तिगत विवरण खुल्दा त्यसले व्यक्तिको गोपनीयतामा मात्र होइन, राष्ट्रिय सुरक्षामा प्रतिकूल प्रभाव पार्न सक्छ। अरू देशहरूले व्यक्तिगत गोप्यताका विषयलाई अत्यन्त गम्भीर रूपमा लिने गरे पनि हामी अझै आधारभूत तहमा अड्किएका छौँ", पन्तले भन्नुभयो। वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ र वैयक्तिक गोपनीयतासम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा भए पनि यसले डिजिटल डाटा प्रयोग र सुरक्षणलाई आंशिक रूपमा मात्र समेट्ने उहाँको भनाइ छ।

उहाँका अनुसार डाटा चुहावटको असर कुनै एक व्यक्तिको क्षतिमा सीमित हुँदैन। नागरिकको परिचय विवरण, बायोमेट्रिक सूचना, स्वास्थ्य अभिलेख वा वित्तीय तथ्याङ्क बाहिरिएर त्यसलाई सङ्गठित अपराध, साइबर अपराधलगायत अवैध गतिविधि बढ्ने जोखिम रहन्छ। "व्यक्तिगत विवरण बाहिरिँदा त्यसको दुरुपयोगबाट सामाजिक अस्थिरता, आर्थिक अपराध र राष्ट्रिय सुरक्षासम्बन्धी जोखिम पैदा हुन सक्छन्। यसलाई सामान्य प्रशासनिक कमजोरी भनेर नजर अन्दाज गर्न मिल्दैन", उहाँले भन्नुभयो।

व्यक्तिगत विवरण चुहावट हुँदा व्यक्तिको सामाजिक छवि, मानसिक अवस्था र व्यक्तिगत सुरक्षामा गहिरो असर पर्छ। नेपालमा यस्तो क्षतिको दायित्व कसले लिने र पीडितले कति क्षतिपूर्ति पाउने भन्नेबारे कुनै कानुनी व्यवस्था छैन। कानुनी दण्ड र क्षतिपूर्तिको प्रावधान नहुँदा डाटा सुरक्षालाई प्राथमिकतामा राख्ने संस्कार नै विकास हुन नसकेको पन्तको बुझाइ छ।

नेपालको संविधानले सूचना पाउने अधिकार र गोपनीयताको हक दुवैलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। तर यी दुई हकबीच सन्तुलन कसरी कायम गर्ने भन्ने विषयमा स्पष्ट कानुनी मार्गनिर्देशन नभएको उहाँले उल्लेख गर्नुभयो।

"सूचना पाउने अधिकार र व्यक्तिको गोपनीयताबीच स्पष्टता जरुरी छ। सबै सूचना सार्वजनिक हुनुपर्छ भन्ने बुझाइले व्यक्तिगत गोपनीयता कुण्ठित गर्न सक्छ", पन्तले भन्नुभयो। कुन अवस्थामा व्यक्तिगत विवरण लुकाउनुपर्ने, कुन सूचना सार्वजनिक हितका लागि आवश्यक हुन्छ भन्ने स्पष्टता नहुँदा विवाद र दुरुपयोगको जोखिम बढिरहेको छ।

सरकारले डिजिटल नेपाल अभियानअन्तर्गत अधिकांश सार्वजनिक सेवा 'पेपरलेस' बनाउने घोषणा गरेको छ। डिजिटल प्रणालीमा राखिएका विवरण कति सुरक्षित छन् भन्ने प्रश्नको स्पष्ट उत्तर छैन।

"हामीले सबै सार्वजनिक काम पेपरलेस (कागजरहित प्रणाली) बनाउँदै जाने भनेका छौँ। तर राखिएका विवरण पूर्ण रूपमा सुरक्षित छन् भनेर भन्नसक्ने अवस्था छैन। व्यक्तिगत डाटा सुरक्षाका संयन्त्र विकास गर्न सकिएन भने हामी प्रविधिमा होइन, जोखिममा अघि बढिरहेका हुन्छौँ", पन्तले भन्नुभयो। 'डिजिटलाइजेसन'सँगै डाटा संरक्षण कानुन, स्वतन्त्र नियामक निकाय, प्राविधिक मापदण्ड र दक्ष जनशक्ति एकसाथ विकास हुनुपर्ने उहाँको धारणा छ। नेपालमा सेवा विस्तारको गति र सुरक्षा तयारीबीच गहिरो अन्तर देखिएको उहाँले बताउनुभयो।

साइबर सुरक्षाविद् विजय लिम्बूले वैयक्तिक गोपनीयतासम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नभएको र डाटा सुरक्षाका लागि संस्थागत रूपमा कुनै नियामक निकाय बन्न नसकेको अहिलेको अवस्थामा सूचना प्रविधिका क्षेत्रमा नेपालमा काम गर्न चाहने विदेशी कम्पनी इच्छुक नहुने उल्लेख गर्नुभयो। डाटा सुरक्षणका लागि अन्तरराष्ट्रिय मापदण्डसहितका कानुन नभए पनि संविधानले प्रत्याभूत गरेको वैयक्तिक गोपनीयताको हक तथा यससम्बन्धी कानुन कार्यान्वयनमा रहेका उहाँको भनाइ छ।

"कानुनको प्रभावकारी कार्यान्वयन नहुनु, नियामक निकाय बनाउन नसक्नु र डाटा सुरक्षाका विषयलाई महत्व दिएर अभ्यासमा ल्याउन नसक्नु प्रमुख समस्या हुन्", उहाँले भन्नुभयो, "भएकै कानुन पनि कार्यान्वयनमा कमजोर हुँदा सूचना प्रविधिसँग जोडिएका अन्तरराष्ट्रिय कम्पनीहरु नेपाललाई सहजै विश्वास गर्दैनन्।"

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको ई-गभर्नेन्स बोर्डले व्यक्तिगत डाटा संरक्षण नीति, २०८२ को मस्यौदा तयार पारेको लामो समय भइसकेको छ। उक्त नीति अझै स्वीकृत भएर कार्यान्वयनमा आएको छैन। नीति नबनेकले यससँग सम्बन्धित ऐन, कानुन पनि अघि बढ्न सकेका छैनन्।

ई-गभर्नेन्स बोर्डका सहसचिव अनीलकुमार दत्तले नीतिको मस्यौदा तयार भइसके पनि प्रक्रिया ढिलो भएको स्वीकार गर्नुभयो। "विभिन्न निकायसँग व्यक्तिका विभिन्न खालका डाटा छन्। त्यसमा कतिपय संवेदनशील र व्यक्तिगत गोपनीयतासँग जोडिएका पनि हुन सक्छन्। अहिले कुन डाटा दिने र कुन नदिने भन्ने स्पष्टता छैन", उहाँले भन्नुभयो।

व्यक्तिगत डाटाको वर्गीकरण आवश्यक भइसकेको पनि दत्त बताउनुहुन्छ। "व्यक्तिगत विवरणसँग सम्बन्धित तथ्याङ्कको वर्गीकरण आवश्यक छ। यसले कुन निकायले व्यक्तिको कतिसम्मका विवरण सङ्कलन गर्न पाउने र अर्को निकायलाई उपलब्ध गराउँदा कतिसम्म दिने भन्ने स्पष्टता ल्याउँछ", उहाँले भन्नुभयो।

व्यक्तिगत डाटा संरक्षणसम्बन्धी कानुन नहुँदा डाटा सङ्कलन, स्थानान्तरण, वर्गीकरण र साझेदारीका लागि कुनै स्पष्ट मापदण्ड छैन। कुनकुन निकाय डाटा सङ्कलन, प्रशोधन र विश्लेषणमा संलग्न छन् भन्ने तथ्यसमेत अस्पष्ट छ। प्रविधिको प्रयोगलाई बढावा दिइरहँदा त्यसले निम्त्याउने सुरक्षाका विषयलाई नजरअन्दाज गर्न नहुने राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यालय प्रमुख मनिष भट्टराईले बताउनुभयो। त्यसका लागि डाटा संरक्षणको नीति र कानुन अपरिहार्य बनिसकेको उहाँको बुझाइ छ।

विद्यमान अवस्थालाई विश्लेषण गर्ने हो भने डिजिटल डाटा सङ्कलन गर्ने निकायले त्यसको सुरक्षा, भण्डारण, क्लाउड पहुँच र नियन्त्रणबारे नागरिकलाई विश्वस्त गराउन सकेका छैनन्। सङ्कलित डाटाको नियमन गर्ने कानुनी व्यवस्था, संस्थागत संरचना र पूर्वाधार बन्न सकेका छैनन्।

व्यक्तिको डाटा सङ्कलनदेखि विसर्जनसम्म कानुनबमोजिम भए/नभएको सुनिश्चित गर्ने संयन्त्र छैन। अनधिकृत प्रयोग भएमा कसरी कानुनी दायरामा ल्याउने भन्ने स्पष्ट छैन। डाटा सङ्कलन गर्दा व्यक्तिको सहमति लिने प्रचलनसमेत स्थापित हुन सकेको छैन।

सरकारी वा गैरसरकारी निकायले व्यक्तिगत डाटा सङ्कलन गर्दा त्यसको उद्देश्य स्पष्ट गर्नुपर्ने र सोही उद्देश्यका लागि मात्र प्रयोग गर्नुपर्नेमा व्यवहारमा यस्तो अभ्यास देखिँदैन। डाटा कति समयसम्म राख्ने, कहिले नष्ट गर्ने भन्नेबारे कुनै कानुनी व्यवस्था छैन। विदेशमा भने व्यक्तिगत डाटा सङ्कलनदेखि विसर्जनसम्मको कार्यको निरीक्षण तथा अनुगमनका लागि डाटा अडिट प्रतिवेदन तयार गर्ने प्रचलन छ।

त्यसैगरी, संवेदनशील डाटाको पहुँचमा बहुपक्षीय प्रमाणीकरण (मल्टी-फ्याक्टर अथेन्टिकेसन) र पहुँचसम्बन्धी सूचना (नोटिफिकेसन) प्रणाली लागू हुन सकेको छैन।

सूचना प्रविधि विभागका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा विभिन्न २५ वटा सरकारी निकायका ३० वटा सूचना प्रणालीको सेक्युरिटी अडिट गरिएको थियो। आवको अन्त्यसम्ममा विभिन्न ३५१ वटा सरकारी निकायको ५०६ वटा प्रणालीको सेक्युरिटी अडिट सुरक्षित बनाउन आवश्यक रहेको भन्दै विभागले सुझावसहितको प्रतिवेदन दिएको देखिन्छ। यो तथ्याङ्कले पनि सरकारी निकायका सूचना प्रणाली कमजोर रहेको पुष्टि गर्छ।

**अभिलेखविहीन आँकडा**

विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयको सूचना प्रणाली तथा सम्बन्धित सर्भरमा अनधिकृत पहुँच पुऱ्याएर व्यक्तिगत विवरण चोरी गर्ने र सार्वजनिक गर्नेक्रम पछिल्ला वर्षमा निरन्तर बढिरहेका छन्। यस्तो प्रकृतिका घटनाको एकीकृत तथ्याङ्क कुनै पनि सरकारी निकायसँग उपलब्ध छैन। राष्ट्रिय साइबर सुरक्षा केन्द्रका निर्देशक राजकुमार महर्जनले कुन निकायबाट कस्तो किसिमको सूचना चुहावट भयो र त्यसको गलत प्रयोग भयो भन्ने अभिलेख नरहेको बताउनुभयो।

"विभिन्न निकायका वेबसाइटमा अनधिकृत पहुँच, तथ्याङ्क चोरीजस्ता विषय सञ्चारमाध्यमबाट सुन्ने गरिन्छ। तीमध्ये धेरैजसोको हामीलाई औपचारिक रुपमा जानकारी आएको देखिँदैन। केन्द्रलाई जानकारी नै नआएपछि त्यसको अभिलेखसमेत राख्ने गरिएको छैन", उहाँले राससँग भन्नुभयो।

राहदानी विभाग, उद्योग विभाग, जल तथा मौसम विज्ञान विभाग, हेलो सरकार र अर्थ मन्त्रालय गरी पाँच वटा निकायले मात्रै हालसम्म आफ्नो वेबसाइट,

*बाँकी तीन पृष्ठमा*

# सर्लाहीमा पहिलोपटक आमाको नामबाट नागरिकता जारी

सर्लाही, २० माघ (रासस)।

जिल्ला प्रशासन कार्यालय सर्लाहीले पहिलोपटक आमाको नाममा नागरिकता जारी गरेको छ। सोमबार यहाँको लालबन्दी नगरपालिका-७, बस्ने राम मनोहर गुप्तालाई जिल्ला प्रशासन कार्यालयले आमाको नामबाट नागरिकता प्रदान गरेको हो।

नेपाल नागरिकता ऐन, २०६३ दोस्रो संशोधन र नागरिकता नियमावली, २०६३ चौथो संशोधनका आधारमा बाबु विदेशी आमा नेपाली भएका गुप्तालाई अङ्गीकृत नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी रामुराज कँडरियाले जानकारी दिनुभयो।

"ऐन र नियमावली संशोधनपछि जिल्ला प्रशासन कार्यालयले आमाको नामबाट सोमबार पहिलोपटक नागरिकता जारी गरेको छ", प्रमुख जिल्ला अधिकारी कँडरियाले भन्नुभयो, "योसँगै बुबाको अत्तोपत्तो नभएका, विदेशी बुवा र नेपाली आमाबाट जन्मिएका सन्तानले आमाको नामबाट अङ्गीकृत नागरिकता पाउने बाटो खुलेको छ।" यसबाट जिल्लाका धेरै नागरिकताविहीन नेपाली सन्तानको समस्या हल हुने अपेक्षा गरिएको उहाँले बताउनुभयो।

संशोधन ऐनअनुसार आफूले दुई हप्ता पहिलादेख जिल्लाका २० वटै पालिकामा परिपत्र गरेको जनाउँदै प्रजिअ कँडरियाले सोहीअनुसार प्रक्रिया पूरा गरी नागरिकता जारी गरिएको बताउनुभयो।

नागरिकता नभएकै कारण शिक्षा र सीप भएर पनि जागिर गर्न नपाएका, बैंक खातादेखि सिमकार्ड आफ्नो प्रयोग गर्न नपाएकाको समस्या अब समाधान हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

"आजदेखि आधिकारिक रूपमा म नेपाली नागरिक भएको छु। नेपाली नागरिकबाट नेपाल भूगोलमा जन्मिएको एउटा सन्तानले आफूलाई नेपाली करार गर्न गर्नुपरेको सङ्घर्ष पीडादायी र चुनौतीपूर्ण छ", नागरिकता पाएपछि गुप्ताले भन्नुभयो।

# वैदेशिक हुलाक भन्सार शाखामा कार्यरत अधिकृतसहित तीन जना नियन्त्रणमा

काठमाडौँ, २० माघ (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन विमानस्थल भन्सार कार्यालयको वैदेशिक हुलाक भन्सार शाखामा कार्यरत भन्सार अधिकृत इन्द्र न्यौपानेसहित तीन जनालाई नियन्त्रणमा लिएको छ।

अर्थ मन्त्रालयअन्तर्गत भन्सार विभागको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको वैदेशिक हुलाक भन्सार शाखामा कार्यरत भन्सार अधिकृत न्यौपाने, सोही कार्यालयका कार्यालय सहयोगी गणेशप्रसाद पुडासैनी र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत हुलाक सेवा विभाग गोश्वरा हुलाक कार्यालय, पार्सल (निकासी) शाखामा कार्यरत नायब सुब्बा छविप्रसाद रिजाललाई स्रोत नखुलेको रकमसहित नियन्त्रणमा लिइएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "निजहरूले कुरियर कम्पनीमार्फत विदेशमा कुरियर गरी विभिन्न सामान पठाउँदा सेवाग्राहीसँग रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालबाट खटिएको टोलीले नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ।"

पुडासैनीको कार्यकक्षमा रहेको टेबुलको घर्राबाट रिसवतबापत लिइएको रु १० हजार, सोही घर्राबाट स्रोत नखुलेको रु ४० हजार ३५० र निजको साथबाट स्रोत नखुलेको रु ९६ हजार ७०, नायब सुब्बा रिजालको साथबाट रिसवतबापत लिइएको रु २० हजार, स्रोत नखुलेको रु १८ हजार ८४८ र अन्य स्रोत नखुलेको रकमसमेत गरी रु दुई लाख ६८ हजार २८८ तथा विभिन्न व्यक्तिबाट लिइएका मोबाइल २३ थानसमेत नियन्त्रणमा लिइएको प्रवक्ता न्यौपानेले बताउनुभयो।

## *व्यक्तिगत डाटा ...*

सर्भर तथा सूचना प्रणालीमा बाह्य आक्रमणको शङ्कासहितको जानकारी केन्द्रलाई गराएका छन्। यी निकायमा गएर आवश्यक समन्वय गरी समस्या समाधान गरेको केन्द्रका निर्देशक महर्जनले बताउनुभयो। यी निकायबाट के-कस्ता विवरण/तथ्याङ्क क्षति पुग्यो वा बाहिरियो भन्ने आधिकारिक जानकारी आइसकेको उहाँको भनाइ छ।

नेपाल प्रहरीको साइबर ब्युरोमा दर्ता हुने साइबर अपराधसम्बन्धी उजुरीको सङ्ख्या पछिल्ला वर्षमा बढिरहेको छन्। ब्युरोमा दर्ता भएका उजुरीका तथ्याङ्कअनुसार डाटा चुहावट, वेबसाइट ह्याकिङ तथा इमेल दुरुपयोगसम्बन्धी घटना उल्लेखनीय रूपमा देखिएका छन्। यस्ता सबै घटना ब्युरोसम्म आइनपुग्ने प्रवक्ता दीपकराज अवस्थीले उल्लेख गर्नुभयो।

आव २०७९/८० मा साइबर ब्युरोमा दुई वटा डाटा चुहावटसम्बन्धी उजुरी दर्ता भएकामा २०८०/८१ मा तीन पुगेको थियो। उक्त सङ्ख्या २०८१/८२ मा बढेर छ पुगेको छ, जसले डिजिटल सूचना सुरक्षामा बढ्दो चुनौतीलाई स्पष्ट रुपमा सङ्केत गर्छ।

त्यस्तै, वेबसाइट ह्याकिङसम्बन्धी उजुरी पनि क्रमशः बढ्दै गएका छन्। विसं २०७९/८० र २०८०/८१ मा एक/एक वटा उजुरी दर्ता भएकामा २०८१/८२ मा दुई र २०८२/८३ को पछिल्लो छ महिनामा मात्र तीन उजुरी दर्ता भएका छन्। अनधिकृत पहुँच वा ह्याकिङसम्बन्धी उजुरी २०७९/८० मा छ र २०८०/८१ मा सात वटा दर्ता भए पनि २०८१/८२ मा घटेर चारमा सीमित भएको साइबर ब्युरोको तथ्याङ्कमा उल्लेख छ।

अनधिकृत पहुँच प्रयाससम्बन्धी उजुरी भने प्रत्येक वर्ष निरन्तर रूपमा देखिँदै आएका छन्। र्‍यान्समवेयर आक्रमणसम्बन्धी उजुरी आव २०८०/८१ र २०८१/८२ मा एक-एक वटा दर्ता भएका छन्। यस्तै, व्यावसायिक इमेल दुरुपयोग र इमेल खाता दुरुपयोगसम्बन्धी उजुरी पनि बर्सेनि ब्युरोमा आउने गरेका छन्।

**चोरी र चुहावटका घटना**

गत पुस २६ र २७ गते नेपाल टेलिकमको सिमकार्ड प्रयोगकर्तालाई सडक प्रदर्शनका लागि आह्वानसहित राजनीतिक प्रकृतिको 'बल्क म्यासेज' पठाइएको थियो। नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) का प्रवक्ता रविन्द्र मानन्धरका अनुसार 'आकाशटेल' नामक कम्पनीबाट करिब सात लाख हाराहारी नम्बरमा 'बल्क एसएमएस' गएको थियो। यस प्रकरणमा नेपाल प्रहरीले निर्देश सेढाईं नामका व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ।

त्यति ठूलो सङ्ख्यामा मोबाइल नम्बर कहाँबाट उपलब्ध भए भन्ने अझै खुलिसकेको छैन। नेपाल टेलिकमले भने कुनै पनि सेवाग्राहीको व्यक्तिगत मोबाइल नम्बर तथा अन्य विवरण उपलब्ध नगराएको भन्दै गत पुस २९ गते विज्ञप्तिसमेत जारी गरेको छ।

नेपाल मेडिकल काउन्सिल, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, निर्वाचन आयोगलगायत कार्यालयको वेबसाइटमा अधिकृत पहुँच पुऱ्याएको भन्दै नेपाल प्रहरीको साइबर ब्युरोले गत पुस १८ गते सिन्धुपाल्चोकबाट एक जना र गत मङ्सिर २८ गते झापाबाट एक जना पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाएको छ। यी सबै निकाय व्यक्तिगत विवरण सङ्कलन र प्रयोग गर्ने निकायभित्र पर्दछन्। यी निकायमा कार्यालयको वेबसाइट मात्र ह्याक भएको हो वा सर्भरमै अनधिकृत पहुँच पुगेर व्यक्तिगत विवरणमा छेडखानी भएको हो भन्ने स्पष्ट छैन।

त्यस्तै, पछिल्ला केही महिनायता मात्र लुम्बिनी प्रदेश र नेपाल प्रहरीको वेबसाइट ह्याक गरी विभिन्न विवरण र जानकारी डार्क वेभ'मार्फत सार्वजनिक भएका थिए।

सरकारी निकाय मात्र नभई निजी क्षेत्रका संस्थाबाट पनि व्यक्तिगत विवरण तथा तथ्याङ्कहरु बाहिरिने गरेका छन्। विसं २०७६ फागुनमा अनलाइन 'फुड डेलिभरी कम्पनी' फुडमाण्डुको सर्भर ह्याक भएर ५० हजारभन्दा बढी व्यक्तिको नाम, ठेगाना, मोबाइल नम्बर, इमेललगायत विवरण बाहिरिएको थियो।

त्यस्तै, २०७६ चैतमा इन्टरनेट सेवाप्रदायक कम्पनी भायोनेटका ग्राहकको व्यक्तिगत तथ्याङ्क ह्याकरले सामाजिक सञ्जालमा सार्वजनिक गरिदिएका दिए। नेपाल प्रहरीको साइबर ब्युरोले फुडमाण्डु प्रकरणमा संलग्न नवलपरासी पश्चिमको सुनवल नगरपालिका घर भएका १९ वर्षीय युवक २०७७ मङ्सिरमा र भायोनेट प्रकरणमा संलग्न रुपन्देहीको तिलोत्तमा नगरपालिकाका एक युवकलाई २०७७ पुसमा पक्राउ गरेको थियो।

यी ह्याकिङ प्रकरणमा संलग्न व्यक्तिहरुलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद ९ बमोजिमको कसुर गरेको भनी कारबाही प्रक्रिया अघि बढ्यो। तर, व्यक्तिको तथ्याङ्क सङ्कलन गरेर सुरक्षित राख्न नसकेका कम्पनीको हकमा भने कुनै अनुसन्धान र अभियोजनको प्रक्रिया अघि बढेन। अनधिकृत सार्वजनिक भएका ती विवरण अहिले पनि सामाजिक सञ्जालमा छ्यापछ्याप्ती भेटिन्छन्।

## *मौसमले साथ ...*

भएपश्चात् प्रधानमन्त्री कार्कीले सञ्चारकर्मीहरूसँगको कुराकानीमा भन्नुभयो, "निर्वाचनका लागि सरकारले आवश्यक सहयोग गर्छ, विशेषगरी हिमाली जिल्लामा मौसम अनुकूल नभएमा दोस्रो चरणमा निर्वाचन गराउँछौँ।"

कम मतदाता भएका स्थानमा सवारीसाधनको प्रयोग गरेर मतदाता ओसारेरै भए पनि निर्वाचन सम्पन्न गराइने उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले हुनै नसक्ने अवस्था आएमा दोस्रो चरणमा निर्वाचन गराउनेतर्फ सोच्न सकिने बताउनुभयो। अहिलेसम्म कुनै पनि कारणले निर्वाचन सार्ने विषयले नै प्रवेश नपाएकाले ढुक्कका साथ आगामी फागुन २१ गतेको निर्वाचनमा जुट्न उहाँले आग्रह गर्नुभयो। समयमै निर्वाचन सम्पन्न गरेर नवनिर्वाचित प्रतिनिधिले राज्य व्यवस्था सम्हालेर देश नयाँ दिशातर्फ अगाडि बढ्नेमा आफू विश्वस्त रहेको प्रधानमन्त्री कार्कीले बताउनुभयो।

"शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउन हामीले शत्प्रतिशत प्रयास गरेका छौँ, निर्वाचन भयरहित वातावरणमा सम्पन्न हुन्छ", उहाँले भन्नुभयो।

विशेष परिस्थितमा हुन लागेको निर्वाचन भएकाले केही चुनौती आइपरे पनि समाधान गरेर निर्वाचन गराउने प्रधानमन्त्री कार्कीले बताउनुभयो।

# विश्व समाचार

## अमेरिका-भारत व्यापार सम्झौतामा खुसी र सतर्कता

मुम्बई, २० माघ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गर्नुभएको अमेरिका-भारत व्यापार सम्झौतालाई भारतले खुसीका साथ स्वागत गरेको छ। यस सम्झौताले राष्ट्रका निर्यात वस्तुहरूमा कर कटौती गर्ने प्रतिज्ञासँगै महिनौंदेखि कायम अनिश्चितताको अन्त्य गर्ने अपेक्षा गरिएको छ। यद्यपि विश्लेषकहरूले यसको कार्यान्वयन र विवरणबारे सतर्क रहन आग्रह गरेका छन्।

ट्रम्पले प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेन युद्धका सन्दर्भमा रुसी तेल खरिद बन्द गर्ने वाचा गरेपछि यो सम्झौता सम्भव भएको बताउनुभएको छ। उहाँले गत वर्ष लागू गरिएको २५ प्रतिशत कर घटाएर १८ प्रतिशतमा झार्ने घोषणा गर्नुभएको हो। साथै नयाँदिल्लीले अमेरिकी ऊर्जा, प्रविधि, कृषि, कोइला तथा अन्य वस्तुहरू पाँच खर्ब डलरभन्दा बढी मूल्यका खरिद गर्न सहमत भएको पनि उहाँले बताउनुभएको छ। भारतको रुसी तेल खरिदमा लगाइएको अतिरिक्त २५ प्रतिशत शुल्क हटाइएको ह्वाइट हाउसका एक अधिकारीले बताए।

गत वर्ष अप्रिलमा व्यापक शुल्क घोषणा भएयता वासिङ्टनले धेरै मुलुकसँग सम्झौता गरिसकेको भए पनि भारतीय अधिकारीहरू यस प्रक्रियामा पछि परेका थिए। सम्झौता नहुँदा लगानीकर्ताहरू विचलित भएका थिए र विदेशी कोषहरूले भारतीय बजारबाट २० अर्ब डलरभन्दा बढी पूँजी फिर्ता लगेका थिए।

तर सोमबार ढिलो गरिएको घोषणापछि बजारले सकारात्मक प्रतिक्रिया देखाएको छ। मुम्बईको बेन्चमार्क निफ्टी सूचकाङ्क खुल्नेबित्तिकै करिब पाँच प्रतिशतले बढेको थियो।

भारतीय निर्यात सङ्गठन महासङ्घले यो सम्झौतालाई 'सबै सम्झौताको पिता' को संज्ञा दिएको छ। महासङ्घका अनुसार यसबाट धेरै क्षेत्रमा अर्डर तीव्र रूपमा बढ्ने अपेक्षा गरिएको छ। महासङ्घका महानिर्देशक अजय सहायले अब भारतीय निर्यातकर्ताहरू दक्षिणपूर्वी तथा दक्षिण एसियाली प्रतिस्पर्धीसँग समान हैसियतमा प्रतिस्पर्धा गर्न सक्ने बताउनुभएको छ।

उच्च अमेरिकी शुल्कका कारण ढिलाइमा परेका परिधान र जुत्ता उद्योगले तत्काल राहत महसुस गर्ने उहाँको भनाइ छ। सामान्यतया गर्मी सिजनका अर्डरहरू डिसेम्बरसम्ममा टुङ्ग्याइने भए पनि शुल्कका कारण धेरै अर्डर रोकिएको र अब ती पुनः भारततर्फ फर्किन थालेको उहाँले बताउनुभयो।

स्मार्टफोन र जेनेरिक औषधि केही हदसम्म सुरक्षित भए पनि श्रमप्रधान उद्योग, समुद्री उत्पादन तथा रत्न-गहना क्षेत्र बढी प्रभावित भएका थिए। सीफूड एक्सपोर्टर्स एसोसिएसन अफ इन्डियाका जी पवन कुमारका अनुसार अघिल्लो उच्च करका कारण अमेरिकी बजारमा निर्यात घटेको थियो। भन्सार शुल्क १८ प्रतिशतमा झरेपछि समुद्री उत्पादनको निर्यात पुनः बढ्ने र अघिल्लो स्तरमा पुग्ने अपेक्षा गरिएको छ।

यद्यपि विश्लेषकहरूले सम्झौताका धेरै पक्ष अझै स्पष्ट नभएको औँल्याएका छन्। भारतले अमेरिकी वस्तुमा शुल्क शून्यमा झार्ने दाबी र कृषिजस्तो संवेदनशील क्षेत्रमा पहुँचको विषयमा अझै प्रश्नहरू उठिरहेका छन्। अर्थशास्त्री विश्वजीत धरले सम्झौताबाट फाइदा भए पनि ठूलो तस्वीर स्पष्ट नभएको बताउनुभयो।

दिल्लीस्थित थिङ्कट्याङ्क ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभका अजय श्रीवास्तवले पाँच खर्ब डलर खरिदको लक्ष्यलाई आकांक्षामात्र ठान्नुभएको छ। उहाँका अनुसार संयुक्त वक्तव्य, वार्ताको पाठ र कार्यान्वयनमा स्पष्टता नआएसम्म यसलाई अन्तिम सम्झौताभन्दा राजनीतिक सङ्केतकै रूपमा हेर्नु उपयुक्त हुनेछ।

## किएभमाथि पुनः रुसी आक्रमण

किएभ, २० माघ (रासस/एएफपी)।

रुसले मङ्गलबार युक्रेनको राजधानी किएभमाथि पुनः आक्रमण सुरु गरेको युक्रेनी अधिकारीहरूले बताएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गर्नुभएको छोटो युद्धविरामपछि चिसो मौसमको बीचमा नयाँ आक्रमण भएको हो।

राष्ट्रपति ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले चिसो मौसममा किएभ र अन्य सहरहरूमा आक्रमण रोक्न सहमति जनाउनुभएको जानकारी दिनुभएको थियो। क्रेमलिनले युद्धविराम आइतबारसम्म लागू हुने बताएको छ। तर युक्रेनले मस्कोको आक्रमण नरोकिएको स्पष्ट पारेको छ।

किएभ सहरको सैन्य प्रशासनका प्रमुख तिमुर टाकाचेन्कोका अनुसार रुसले रातभर कडा चिसोका बीच अर्को ठूलो आक्रमण गरेको हो। आपतकालीन सेवाले किएभमा तीन जना घाइते भएको जनाएको छ।

पूर्वी सहर खार्किवमा भएको रुसी गोलाबारीमा दुई जना घाइते भएको क्षेत्रीय सेना प्रमुख ओलेग सिनेगुबोभले जानकारी दिनुभएको छ। उहाँका अनुसार घन्टौँ लामो आक्रमणले ऊर्जा पूर्वाधारलाई लक्षित गर्दै सहरलाई चिसोमा तापविहीन बनाउने उद्देश्य राखेको थियो।

अधिकारीहरूले प्रणाली सुरक्षित राख्न ८०० भन्दा बढी घरमा अस्थायी रूपमा ताप कटौती गर्नुपरेको बताएका छन्। आवश्यक परेमा सर्वसाधारणलाई चौबीसै घण्टा सञ्चालनमा रहेका सुरक्षित केन्द्रहरूमा जान आग्रह गरिएको छ। किएभमा रातिको तापक्रम माइनस १७ डिग्री सेल्सियस र खार्किवमा माइनस २३ डिग्री सेल्सियससम्म झरेको छ।

रुसले युक्रेनमाथि गरेको आक्रमणले यसै महिनामा चार वर्ष पूरा गर्दैछ। वासिङ्टनले शान्ति सम्झौताका लागि प्रयास गरिरहेको भए पनि अबु धाबीमा भएको प्रारम्भिक वार्ता सफल हुन सकेन। वार्ताको दोस्रो चरण बुधबार सुरु हुने अपेक्षा गरिएको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले हालको तनाव घटाउने प्रयासले विश्वास निर्माणमा सहयोग पुगेको बताउनुभएको छ। तर क्षेत्रीय नियन्त्रणको विषय अझै विवादकै रूपमा रहेको छ। रुसले डोनेट्स्क क्षेत्रमाथि पूर्ण नियन्त्रण चाहेको छ, जसलाई किएभले अस्वीकार गर्दै आएको छ। एएफपीको विश्लेषणअनुसार जनवरी महिनामा रुसी सेनाले युक्रेनमा आफ्नो अग्रगमनलाई तीव्र बनाएको देखिन्छ। सो अवधिमा करिब ४८१ वर्ग किलोमिटर भूभाग नियन्त्रणमा लिइएको छ। यो अघिल्लो महिनाको तुलनामा झन्डै दोब्बर हो।

# श्रमिकलाई ठगी गर्न बनेका कार्यविधि खारेज गरिने

काठमाडौँ, २० माघ (रासस)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले श्रमिकलाई ठगी गर्न बनाइएका 'फ्री भिसा टिकट', अभिमुखीकरण, तालिमलगायतका कार्यविधि एक महिनाभित्रमा खारेज गरिने बताउनुभएको छ।

उहाँले आफ्नो कार्यकालमै श्रमिकका नाममा भएका सबै 'सिन्डिकेट' हटाउन आवश्यक रहेको बताउँदै यस्ता कार्यविधि खारेज गर्ने निर्णय लिएको जानकारी दिनुभयो। आज मन्त्रालयमा आयोजित मन्त्रालय मातहतका निकायहरूको चालु आर्थिक वर्षको अर्ध-वार्षिक प्रगति समीक्षामा मन्त्री भण्डारीले विभिन्न कार्यविधिका नाममा श्रमिकलाई 'टुचाप'मा पारेर दुःख दिने काम भइरहेको बताउनुभयो।

उहाँले मन्त्री भएको केही सातामै वैदेशिक रोजगारसम्बन्धी स्वास्थ्य परीक्षणमा तोकिएको अधिक शुल्क खारेज गर्नुभएको थियो। "हामी कहाँ नीति, नियम देखाएर श्रमिकमाथि दुःख दिने गरिएको छ," उहाँले भन्नुभयो, "मेरो कार्यकालभित्र सबै सिन्डिकेट तोडिदिन्छौँ।" त्यसपछि मन्त्रालयले नै श्रम स्वीकृतमार्फत विदेश पठाउने, निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने र अभिमुखीकरण तालिम पनि सञ्चालन गर्ने व्यवस्था ल्याइने उहाँको भनाइ छ।

अर्ध-वार्षिक समीक्षामा मन्त्रालयको कार्य सम्पादनबारे छलफल भएको थियो। मन्त्रालय मातहतका विभाग र शाखाका प्रतिनिधिले आ-आफ्नो निकायमा पुस महिनासम्म भएको कार्यसम्पादन विवरण प्रस्तुत गरेका थिए। कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा प्रकाशकुमार श्रेष्ठले मन्त्रालयका अधिकांश कार्य योजनाहरू विभाग र शाखाअन्तर्गत दोहोरिएको औँल्याउँदै त्यसको सङ्क्षेपीकरण गर्न सुझाव दिनुभयो। "एउटै कार्य योजनामा दोहोरो बजेट नराखौँ, त्यसलाई मर्ज गरेर अरू आवश्यक कार्यमा सदुपयोग गरौँ", उहाँले भन्नुभयो।

कार्यक्रममा मन्त्रालयका सचिव डा दीपक काफ्लेले मन्त्रालयले हालसम्म चालु आवमा १६ प्रतिशतभन्दा पनि बढी बजेट खर्च नगरेकाले विभागहरूले कार्यक्रम सञ्चालनमा तीव्रता बढाउन निर्देशन दिनुभयो। साथै उहाँले श्रमिकको हितसँग जोडिएको नेपाल सरकार र स्वीस सरकारको सहकार्यमा सञ्चालित 'सामी' परियोजनाको प्रभावकारितामाथि प्रश्न उठेकाले यसलाई पुनः समीक्षा गरेर कार्य सम्पादनमा जोड दिनुपर्ने बताउनुभयो।

# नेपालमा निपाह भाइरसको जोखिम न्यून भए पनि सतर्क रहन स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौँ, २० माघ (रासस)।

छिमेकी देशमा देखिएको निपाह भाइरसका सङ्क्रमणको जोखिम नेपालमा न्यून भए पनि सतर्क रहन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आग्रह गरेको छ।

सोमबार एक विज्ञप्ति जारी गर्दै मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले छिमेकी देशका घटनालाई मध्यनजर गर्दै पूर्वतयारीका कदमस्वरूप देशभरका स्वास्थ्य संस्था तथा निकायहरूलाई सतर्क गराइएको र निपाह भाइरसको परीक्षण एल्गोरिदम (अन्तरिम) तयार गरिएको जनाएको छ।

विश्व स्वास्थ्य सङ्गठनद्वारा विश्वव्यापी तथा दक्षिण-पूर्वी एसिया क्षेत्रीयस्तरमा निपाह भाइरसको जनस्वास्थ्य जोखिम न्यून रहेको मूल्याङ्कन गरे पनि मन्त्रालयले सतर्क रहन आग्रह गरेको जनाएको छ। मन्त्रालयका प्रवक्ता एवं स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइ प्रमुख डा प्रकाश बुढाथोकीले स्वास्थ्य मन्त्रालय नागरिकहरूको स्वास्थ्य सुरक्षाका लागि पूर्ण रूपमा प्रतिबद्ध रहेको र आवश्यक सबै कदमहरू चालिरहेको जानकारी गराउनुभयो। उहाँले सबैलाई नआत्तिन तर सचेत, सजग र जिम्मेवार बन्न अनुरोध गर्नुभएको छ।

प्रवक्ता बुढाथोकीले भन्नुभयो, "आत्तिनुपर्ने अवस्था छैन, तर सतर्क रहनुपर्छ। त्यसैले सबैले फलफूल राम्ररी पखालेर मात्र खाने, तरकारी राम्रोसँग पकाएर खाने, सफा र सुरक्षित पानी उमालेर मात्र पिउन आवश्यक छ। जनावरका गोठ तथा फार्म सफा राख्ने, मासु काट्दा पन्जा र मास्क प्रयोग गर्ने, बेला-बेलामा साबुनपानीले हात धुने तथा भीडभाडमा जाँदा मास्क लगाउने जस्ता जनस्वास्थ्य मापदण्डहरू पालना गर्नुपर्छ।"

प्रवक्ता डा बुढाथोकीले कुनै शङ्कास्पद लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्था वा १११५ मा तुरुन्त सम्पर्क गर्न आग्रह गर्नुभएको छ। चिकित्सकका अनुसार निपाह भाइरस सङ्क्रमित चमेराको र्‍याल, पिसाब वा मलमूत्रले दूषित भएको फलफूल सेवन गर्दा सङ्क्रमण हुनसक्छ। साथै सङ्क्रमित व्यक्तिको रगत, थुक, पिसाब वा नजिकको सम्पर्कबाट तथा चमेराबाट सुँगुर हुँदै पनि मानिसमा सङ्क्रमण सर्न सक्ने डा बुढाथोकीले बताउनुभयो।

ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने, खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, चक्कर लाग्ने, बान्ता हुने तथा गम्भीर अवस्थामा होस हराउनेजस्ता शङ्कास्पद लक्षण देखिएमा बिरामीको शीघ्र पहिचान, 'आइसोलेसन', रिपोर्टिङ तथा सङ्क्रमण रोकथाम तथा नियन्त्रण मापदण्ड कडाइका साथ पालना गर्न गराउन पनि स्वास्थ्य मन्त्रालयले सबैसँग अनुरोध गरेको छ।

# छानबिनपछि समानुपातिक बन्दसूचीबाट ७६ जनाको नाम हटचो

काठमाडौँ, २० माघ (रासस)।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीबाट ७६ जनाको नाम हटाइएको निर्वाचन आयोगले जनाएको छ। राजनीतिक दलहरूले पेस गरेका उम्मेदवारको बन्दसूचीमाथि निर्वाचन आयोगले छानबिन गर्दा ७६ जनाको नाम हटाउने निर्णय गरिएको प्रवक्ता नारायणप्रसाद भट्टराईले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

समानुपातिक निर्वाचन अधिकृतको कार्यालयमा पर्न आएका उजुरी, प्रचलित कानुनले तोकेको उम्मेदवारको योग्यता तथा अयोग्यतासम्बन्धी व्यवस्था, निर्वाचन आयोगबाट विभिन्न मितिमा भएका निर्णय र राजनीतिक दलबाट प्राप्त जानकारीका आधारमा उम्मेदवारहरूको विवरण रूजु गरिएको उहाँले बताउनुभयो।

नाम हटाइनेमा नेपाली कांग्रेसबाट एक, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट एक, नेपाली कम्युनिष्ट पार्टीबाट तीन जना समानुपातिक उम्मेदवारको नाम हटाइएको विज्ञप्तिमा उल्लेख छ। प्रवक्ता भट्टराईका अनुसार कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका २१, प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम कायम रहेका २५, निर्वाचन आयोगबाट तोकिएको जरिवाना भुक्तान नगरेका १०, दुई वर्ष उमेर पूरा नभएका चार, मतदाता नामावलीमा नाम समावेश नभएका एक र मतदाता नामावली पिछडिएका क्षेत्रमा नरहेका दुई जनाको नाम हटाइएको हो।

यसैगरी, महिला उम्मेदवार पेस हुनुपर्ने स्थानमा पुरुष उम्मेदवार पेस गरिएका कारण एक जनाको नाम हटाइएको छ। सम्बन्धित राजनीतिक दलकै आग्रहमा १० जनाको नाम बन्दसूचीबाट हटाइएको प्रवक्ता भट्टराईले बताउनुभयो। माथि उल्लेख गरिएका कारणमध्ये एकभन्दा बढी कारण परेका दुई जना पनि बन्दसूचीबाट हटाइएका छन्।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजबिराज ,सप्तरी

प.सं.०८२/०८३
च.नं.

मिति:-२०८२।१०।१२

विषय:-३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सुचना।

रैति नं.२ को रैति षेमराज चौडरियाको नाममा दर्ता रहेको साविक प्रगन्ना माल ऋमुना मौजे मधुवन हाल नपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स.सारस्वर वार्ड नं.९ हाल परिवर्तितत बोदेवरसाइन न.पा.वार्ड नं.३ बस्ने स्व.मुनर गडेरीको जुहारी स्व.अमर लाल राउतकी पत्नी लक्षण देवी राउतले यस कार्यालयमा द.नं.२०४८ मिति २०८२।५।५ गतेमा निवेदन परी हक दावी सम्बन्धित सार्वजनीक सुचना प्रकाशित गर्ने मिति २०८२।१०।८ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदिकाको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पत्तिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाहि भै जाने छ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपसील

| सा.कि.नं | गा.वि.स | वार्ड नं. | हा.कि.नं. | क्षेत्रफल | तर्फ | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४११ | सारस्वर | ९(क) | ४७ | ०-०-१८ | सतीम | षेमराज चौडरियाको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा मुनर गडेरीको नाउँमा कायम रहेको | फिल्डबुकको जग्गाधनी महलमा किसानको महलमा र कैफियत महलमा खाली रहेको। |


# सिरहा अस्पतालका तत्कालिन मेसुसहित १० जना बिरुद्ध मुद्दा दायर

**दैनिक समाचारदाता**
**राजविराज, २० माघ।**

प्रादेशिक अस्पताल सिरहामा सेवा शुल्क संकलनमा अनियमितता भएको दावीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालिन मेसुसहित १० जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

तत्कालीन मेडिकल सुपरिटेन्डेन्ट डा. नागेन्द्रप्रसाद यादव, डा. सरोज यादव, प्रशासन प्रमुख अशोककुमार सिंह, लेखा प्रमुख अशोककुमार यादवलगायत १० जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको हो।

उनीहरू ३८ लाख ७७ हजार ७२४ रुपैयाँ ८३ पैसाको राजस्व हिनामिनामा संलग्न रहेको आरोपपत्रमा उल्लेख छ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेद्वारा जारी विज्ञप्तिमा अस्पतालका बिलिङ काउन्टरमा संकलन भएको नगद रकम लामो समयसम्म सरकारी राजस्व खातामा दाखिला नगरिएको उजुरी परेपछि अनुसन्धान सुरु गरिएको थियो।

अनुसन्धानका क्रममा आर्थिक वर्ष २०८०/०८१ मा अस्पतालका ८ वटा बिलिङ काउन्टरमार्फत संकलन भएको कुल ३ करोड ८७ लाख ६६ हजार ९७४ रुपैयाँ ८३ पैसा मध्ये ३ करोड ४८ लाख ८९ हजार २५० रुपैयाँ मात्र दाखिला भएको र बाँकी ३८ लाख ७७ हजार ७२४ रुपैयाँ ८३ पैसा दाखिला नगरी हिनामिना तथा दुरुपयोग गरिएको अख्तियारको अभियोजनपत्रमा उल्लेख छ।

महालेखा परीक्षकको प्रतिवेदनमा समेत उक्त रकम कैफियत देखिएकोले अनुसन्धानअनुसार बिलिङ सफ्टवेयर र बैंक भौचरबीच आम्दानी विवरण नमिलेको जानकारी हुँदाहुँदै पनि अस्पतालका तत्कालीन प्रमुख तथा जिम्मेवार पदाधिकारीहरूले आपसी मिलेमतोमा रकम हिनामिना गरेको अख्तियारको निष्कर्ष छ।

अख्तियारको अनुसन्धानको क्रममा बिलिङ काउन्टरमा कार्यरत कर्मचारीहरूले समेत फरक-फरक रकम दाखिला नगरेको देखिएको छ।

श्यामकुमार मण्डलले २५ लाख ४७ हजार ४१७ रुपैयाँ ०१ पैसा, पुजाकुमारी यादवले २ लाख ८८ हजार २२९ रुपैयाँ ४० पैसा, सरस्वतीकुमारी यादवले ५ लाख २ हजार ८१३ रुपैयाँ ७४ पैसा, रोशनकुमार यादवले १ लाख ६४ हजार ६५९ रुपैयाँ ६८ पैसा र अजयकुमार मण्डलले ३ लाख ७९ हजार ०२१ रुपैयाँ ५० पैसा दाखिला नगरेको अभियोगपत्रमा उल्लेख छ।

तत्कालीन कार्यालय प्रमुख डा. नागेन्द्रप्रसाद यादव र डा. सरोज यादव, प्रशासन प्रमुख अशोककुमार सिंह तथा तत्कालीन लेखा प्रमुख अशोककुमार यादवविरुद्ध पनि सम्पूर्ण हिनामिना रकम बराबरको बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कैद, जरिवाना र बिगो असुल उपरको मागदाबी गरिएको छ।

तत्कालीन लेखा प्रमुख रत्नप्रसाद मण्डलको मृत्यु भइसकेकाले आपराधिक सजायको माग गरिएको छैन। उनले पुऱ्याएको क्षतिपूर्ति रकम उनकी श्रीमती मुस्कानकुमारी मण्डलबाट असुल उपर गर्न मागदाबी गरिएको अख्तियारले जनाएको छ।

***कडाइका साथ ...***

आचारसंहिता विपरीत यस्ता गतिविधि भएको वा गराइएको पाइएमा निर्वाचन आचारसंहिता २०८२ अनुसार आवश्यक कारबाही गरिने चेतावनी समेत जिल्ला प्रशासनले दिइएको हो।

सबै सम्बन्धित पक्षलाई आचारसंहिता पालना गरी निर्वाचनलाई मर्यादित र विश्वसनीय बनाउन सहयोग गर्न आग्रह समेत गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।


सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रा सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*